**तपसिलः**

१. का.न.पा. वडा नं. ........... बस्ने वर्ष ............. का श्री ................................................... १

२. का.न.पा. वडा नं. ........... बस्ने वर्ष ............. का श्री ............................................... १

३. का.न.पा. वडा नं. ........... बस्ने वर्ष ............. का श्री ............................................... १

४. का.न.पा. वडा नं. ........... बस्ने वर्ष ............. का श्री ............................................... १

५. का.न.पा. वडा नं. ........... बस्ने वर्ष ............. का श्री ............................................... १

६. का.न.पा. वडा नं. ........... बस्ने वर्ष ............. का श्री ............................................... १

७. का.न.पा. वडा नं. ........... बस्ने वर्ष ............. का श्री ............................................... १

८. का.न.पा. वडा नं. ........... बस्ने वर्ष ............. का श्री ............................................... १

**सम्बन्धित**

१. ........................... वडा नं. ......... बस्ने वर्ष ......... का श्री ............................................... १

**काम तामेल**

१. का.न.पा. वडा नं. ............ का वडा सचिव/अध्यक्ष श्री ......................................... १

२. ईति सम्बत् २०७.... साल ............ महिना .......... रोज ...................... शुभम् ।

**आज्ञाले**
**गोपाल प्रसाद वगाले**
**प्रमुख प्रशासकीय अधिकृत**





# कालिका नगरपालिकाको खानीजन्य तथा खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) पदार्थ उत्खननन/संकलन तथा विक्री वितरण सम्बन्धी कार्यविधि - २०७७

परिचय

नेपालको संविधानको अनुसूची-९ को साझा अधिकार सूचीमा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, खानीजन्य पदार्थ निकासी वापतको आय संकलन गर्ने कार्य प्रदेश कानून बमोजिम हुने व्यवस्था गरिएको छ । आ.व.२०७५/७६ देखी लागू हुने गरी प्रदेश सरकार बाट तोकिए बमोजिम स्थानीय तहहरुले नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) मा संकलन शुल्क र बिक्री शुल्क लिन पाउने गरी आर्थिक विधेयक समेत जारी भईसकेको छ । कालिका नगरपालिका क्षेत्रभित्र रहेका नदी क्षेत्र, खोला एवम निजी जग्गाबाट उत्खनन/संकलन हुने साधारण निर्माणमुखी खनिज पदार्थको संकलन, बिक्री तथा आन्तरिक निकासी कार्यबाट नगरपालिकाले राजश्व संकलन गर्दै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र बागमती प्रदेश सरकारको आर्थिक विधेयकमा तोकिएको दरमा नदीजन्य पदार्थ तथा निजी खानीबाट उत्पादिन साधारण निर्माणमुखी खनिज पदार्थको राजश्व संकलन गर्न पाउने अधिकार स्थानीय तहहरुलाई प्रदान गरेको छ । नदीजन्य पदार्थ उत्खननतथा संकलन गर्दा नदीको प्राकृतिक वहावलाई असर नपर्ने, आसपासका खेती योग्य जग्गा जमिन तथा बस्तीलाई सुरक्षीत राख्नको लागि उपयुक्त परिमाणमा उत्खननगर्नको लागि भारी मेशीनरी औजारहरु प्रयोग गर्नु पर्ने भएकोले कालिका नगरपालिका नगर कार्यपालिकाले नदी, खानी खोला एवम निजी जग्गाबाट नदी तथा खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) पदार्थ उत्खनन्, संकलन तथा विक्री वितरण एवं उत्खननतथा संकलन प्रक्रियामा भरी मेशीनरी

औजार प्रयोग, अनुगमन तथा नियमन सम्बन्धी कार्यविधि - २०७७ जारी गरेको छ ।

**१. कार्यविधिको उद्देश्यः**

(१) कालिका नगरपालिका क्षेत्रभित्र रहेका नदी क्षेत्र, खोला एवम निजी जग्गाबाट उत्खनन/संकलन गर्दा कालिका नगरपालिकाको "संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ "मा पालना गर्नुपर्ने भनी तोकिएका शर्तहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

(२) नदीक्षेत्र तथा खानी क्षेत्र वरिपरीको वातावरण संरक्षण गर्ने ।

(३) नदीतथा खानी क्षेत्रबाट साधारण निर्माणमुखी खनिजको अधिक तथा अवैध दोहन नियन्त्रण गरी दिगो उपयोग गर्दै यस्ता पदार्थको सहज आपूर्ति गर्ने प्रबन्ध मिलाउने ।

(४) नदीजन्य पदार्थ उत्खनन/संकलन गर्ने सन्दर्भमा नेपाल सरकारबाट भएका विभिन्न निर्णयहरुलाई स्थानीयता विशेष (Localize) आधारमा कार्यान्वयन गर्न सहज तुल्याउने ।

(५) आम नागरिकलाई सुपथ मूल्यमा निर्माण सामग्री उपलब्ध हुन सक्ने वातावरण सृजना गर्ने ।

(६) सार्वजनिक विकास निमार्णका लागि आवश्यक पर्ने निर्माण सामग्रीको अभाव हुन नदिने ।

**२. कार्यविधिका क्षेत्रहरुः**

(१) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन/संकलन गर्ने गरी Brief Environmental Study (BES)/ Initial Environmental Examinition (IEE) / Environmental Impact Assesment (EIA) स्वीकृति भएका नदी तथा खानी क्षेत्र तथा एवम निजी जग्गाबाट खानीजन्य तथा खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन/संकलन गर्न कालिका नगरपालिका क्षेत्र र स्वीकृति प्राप्त अन्य क्षेत्रहरु ।





अनुसूची-५

लिखितम् हामी तपसिल बमोजिमका मानिसहरुमा आगे ........................ .................... न.पा वडा नं. ....... बस्ने स्थाई ठेगाना रहेको ............ ........................................................................... ...... समूह / समिति / संस्थाले का.न.पा वडा नं. .......... स्थित पुर्व ....... ................................................, पश्चिम ......................... ..............., उत्तर ............................................................., दक्षीण ............................................................ चारकिल्ला सिमान भित्र रहेको ............................................................... ..................... स्थानबाट नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन गरी ................. ................प्रयोजनका लागि ......................... स्थान सम्म ढुवानी गर्न कार्यालयमा दरखास्त दिने भएकोमा का.न.पा कार्यालयले सर्जमिन गरी पठाइदिनुहोस भनि अनुरोध भई आएकोमा सो को लागि तपाँई साँध सधियार छर छिमेकी, भद्र भलाद्मीहरुलाई एकै स्थानमा भेला गराई यो कुरा सोधनी गरिन्छ कि निवेदकले. माग गर्नु भएको नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन तथा ढुवानी कार्य गर्दा तपाई साँध सधियार छरछिमेकी सार्वजनिक संघ संस्था आदि कुनै कसैलाई प्रतिकुल असर पर्छ पर्दैन ? वातावरणीय प्रदुषण हुन्छ हुँदैन ? उत्खनन तथा ढुवानीको लागि सिफारिस दिन मिल्छ मिल्दैन ? भएको सहि सत्य व्यहोरा पछि सम्म फरक नपर्ने गरी बताईदिनुहोस भनि सोधनी हुँदा हाम्रो चित्त बुझ्यो । यस सम्बन्धमा हाम्रो संयुक्त व्यहोरा यो छ कि उल्लेखित जग्गाबाट नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन गरी ढुवानी गर्दा कुनै किसिमको वातावरणीय असर नपर्ने तथा प्रदुषण नहुने गरी प्रस्तावित उत्खनन तथा ढुवानी कार्यका लागि वडा कार्यालयबाट सिफारिस गरिदिएमा केही फरक पर्दैन ।

३. का.न.पा. वडा नं. ...... बस्ने वर्ष ...... का श्री ............................................... १

४. का.न.पा. वडा नं. ...... बस्ने वर्ष ...... का श्री ............................................... १

५. का.न.पा. वडा नं. ...... बस्ने वर्ष ...... का श्री ............................................... १

**सम्बन्धित**

१. का.न.पा. वडा नं. ...... बस्ने वर्ष ...... का श्री ............................................... १

**काम तामेल**

१. का.न.पा. वडा नं. .... का वडा सचिव/अध्यक्ष श्री ......................................... १

२. ईति सम्बत् २०७.... साल ............ महिना .......... रोज ...................... शुभम् ।





३. **नदीजन्य पदार्थ उत्खनन/संकलन हुने प्रक्रिय:**

नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन/संकलन गर्ने गरी कालिका नगरपालिकाको आन्तरिक आय संकलन कार्य गर्न ठेक्का बन्दोबस्तद्धारा कार्यगर्ने क्षेत्रको हकमा इजाजत प्राप्त व्याक्ति र संस्थाबाट प्रचलित कनुन को अधिनमा रही उपरोक्त क्षेत्रबाट सांमग्री उत्खनन/संकलन गरिने छ । यदि उत्खनन/संकलन कार्यको लागि ठेक्का बन्दोबस्त हुन नसकेमा नगरपालिकाले निर्णय गरी अमानत प्रक्रियाबाट नदी र खानीजन्य पदार्थको उत्खनन/संकलन कार्य गर्नेछ । जुनसकै विधि र प्रक्रियाबाट उत्खनन/संकलन गरिएतापनि कालिका नगरपालिकाको “संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७” अनुसार स्वीकृत BES/IEE/EIA को प्रावधान अनुरुप स्वीकृत समयावधी भित्र BES/IEE/EIA प्रतिवेदनमा भएको व्यवस्था बमोजिम नदी क्षेत्रमा मेशिनरी औजारको प्रयोग र मानव संशाधनद्धारा उत्खनन/संकलन गर्ने व्यवस्था मिलाईने छ । नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन/संकलन गर्दा निम्नानुसारका व्यवस्था मिलाईने छ ।

(१) नदीको बहाव क्षेत्र बाहेक नदीले ढुंगा, बालुवा थुपारी बनाएको बगरबाट BES/IEE/EIA प्रतिवेदनमा उल्लेखित स्थानबाट तोकिएको लम्वाई, चौडाई र गहिराईसम्म मात्र सामाग्री उत्खनन गर्न सकिनेछ । यसरी उत्खनन गर्दा नदी तथा खोलाको सतह भन्दा तल हुने गरी उत्खनन/संकलन गर्न पाईनेछैन ।

(२) पक्की मोटर पुलको तल र माथि तिर BES/IEE/EIA प्रतिवेदनमा उल्लेखित दूरीलाई निषेधित क्षेत्र तोकिएको हुंदा उक्त क्षेत्रबाट कुनै पनि किसिमबाट नदीजन्य सामाग्री उत्खनन/ संकलन निषेध गरिएको छ ।

(३) नदी तथा खोलाको बहाव परिवर्तन हुनेगरी नदी वा खोलालाई Divert गरि उत्खनन संकलन गर्न पाइने छैन । बिशेष परिस्थितिमा यदि नदीको प्रकृतिक बहाव परिवर्तन गर्नु पर्ने भएमा विस्तृत अध्ययन पश्चात प्राविधिक प्रतिवेदनको आधारमा नगरपालिकाको निर्णयानुसार स्वीकृती प्रदान गरिनेछ ।

(४) सिंचाई कुलो, सडक तथा अन्य भौतिक संरचनालाई असर पर्ने गरी सामग्री उत्खननसंकलन गर्न पूर्णरुपले निषेध गरिएको छ ।

(५) नदी तथा खोलाबाट निर्माण सामग्री संकलन/उत्खनन गर्न उत्खनन क्षेत्रमा भारी मेशीनरी औजारको प्रयोग गर्दा यसै कार्यविधिमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरेर मात्र प्रगोग गर्न पाईने छ ।

(६) नदीजन्य सामग्री संकलन गर्दा कुनै पनि मानवीय वा भौतिक क्षति नहुने गरी उत्खनन / संकलनको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित ठेकेदार, संकलन / उत्खनन कर्ताको हुनेछ । यदी कुनै कारणवस कुनै प्रकारको क्षति हुन गएमा सोको जिम्मेवारी सो कार्यका लागि अनुमति प्राप्त ठेकेदार, उत्खनन / संकलनकर्ताको हुनेछ र सो वापतको क्षतिपूर्ति वा सो सम्बन्धमा भएको खर्च निजबाट नै असुल उपर गरिने छ ।

**४. मेशीनरी औजार प्रयोग सम्बन्धी व्यवस्था:**

(१) असार, श्रावण र भाद्र बाहेकका महिनाहरुमा BES/IEE/EIA प्रतिवेदनमा उल्लेखित अवधिभर प्राविधिक नापचाँच समेतका आधारमा तोकिएको मापदण्ड अनुरुप सामग्री संकलन गर्न सकिने छ । निर्दीष्ट क्षेत्रबाट निर्माण सामाग्री संकलन र उत्खननकार्य सामान्यतया हात र हाते औजारहरु जस्तै कुटो, कोदालो, गैचि, साबेल आदिबाट गरिनेछ । नदीको प्राकृतिक बहावमा प्रतिकूल असर पर्ने र बहाव मार्ग परिवर्तन हुने गरी कुनै पनि किसिमले संकलन र उत्खननकार्य गर्न पाईने छैन । नगरपालिकाको राजश्व संकलन कार्यलाई थप व्यवस्थित गर्न, आयोजनाहरु सञ्चालन कार्यलाई थप गति प्रदान गर्न र वातावरणीय दृष्टिबाट कुनै पनि नकारात्मक प्रभाव पर्न नदिने गरी नदीरखानी क्षेत्रबाट जग्गाको खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खननतथा संकलन गर्नका लागि स्वीकृत BES/IEE/EIA प्रतिवेदन अनुरुप देहायका प्रक्रिया र विधि बमोजिम नदीजन्य पदार्थ संकलन/उत्खनन् गर्ने कार्यमा भारी मेशीनरी उपकरण प्रयोग गर्ने व्यवस्था मिलाईएको छ ।





अनुसूची-४

लिखितम् हामी तपसिल बमोजिमका मानिसहरुमा आगे यस कालिका न.पा वडा नं. ....... बस्ने श्री ...................................................... ले .................................... आफ्नो नाममा रहको का.न.पा वडा नं. .......... स्थित साविक .......................... कि.नं. ............ क्षेत्रफल ............................ रहेको जग्गाबाट नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन गरी ... ...............................प्रयोजनका लागि ......................... स्थान सम्म ढुवानी गर्न कार्यालयमा दरखास्त दिने भएकोमा का.न.पा कार्यालयले सर्जमिन गरी पठाइदिनुहोस भनि अनुरोध भई आएकोमा सो को लागि तपाँई साँध सधियार छर छिमेकी, भद्र भलाद्मीहरुलाई एकै स्थानमा भेला गराई यो कुरा सोधनी गरिन्छ कि निवेदकले. माग गर्नु भएको नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन तथा ढुवानी कार्य गर्दा तपाई साँध सधियार छरछिमेकी सार्वजनिक संघ संस्था आदि कुनै कसैलाई प्रतिकुल असर पर्छ पर्दैन ? वातावरणीय प्रदुषण हुन्छ हुँदैन ? माटो उत्खनन तथा ढुवानीको लागि सिफारिस दिन मिल्छ मिल्दैन ? भएको सहि सत्य व्यहोरा पछि सम्म फरक नपर्ने गरी बताईदिनुहोस भनि सोधनी हुँदा हाम्रो चित्त बुझ्यो । यस सम्बन्धमा हाम्रो संयुक्त व्यहोरा यो छ कि उल्लेखित जग्गाबाट नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन गरी ढुवानी गर्दा कुनै किसिमको वातावरणीय असर नपर्ने तथा प्रदुषण नहुने गरी प्रस्तावित उत्खनन तथा ढुवानी कार्यका लागि वडा कार्यालयबाट सिफारिस गरिदिएमा केही फरक पर्दैन ।

तपसिल:

१. का.न.पा. वडा नं. ........ बस्ने वर्ष ......... का श्री ............................................. १
२. का.न.पा. वडा नं. ...... बस्ने वर्ष ...... का श्री .............................................. १

| | | |
|---|---|---|
| ६ | BES/IEE/EIA उल्लेखित वा स्विकृति प्रदान गरेको क्षेत्र भन्दा बाहेक वा निषेधित स्थानबाट सामग्री संकलन गरेमा | रु.१,००,०००।- (एक लाख मात्र) |
| ७ | माथि उल्लेखित कसूर दोहरियाएमा | तोकिएको जरीवानामा ५० प्रतिशत थप जरीवाना गर्ने |
| ८ | नगरपालिकाको स्वीकृत वेगर नदीजन्य पदार्थ तथा व्यक्तिगत जग्गाको माटो समेत अनधिकृत रुपमा चोरि निकासी गरेमा | हेबी मेशिनरी औजार प्रयोग गरेमा पहिलो पटकका लागि रु.१ लाख र टिपर र ट्रक प्रयोग गरेमा रु.३० हजार, मिनीट्रकलाई २० हजार र ट्रयाक्टरलाई रु.१० हजार जरीवाना |
| ९ | ढुवानीका साधनहरुले ढुंगा, गिट्टी, वालुवा ढालाभन्दा माथी ढुवानी गरेमा ढालाभन्दा वढि ढुवानी गरेमा | ट्रिपर तथा ट्रक को लागी रु १०,०००।-<br>ट्याक्टरको लागी रु ५०००।- |
| १० | ढुवानीका साधनहरुले ढुंगा, गिट्टी, वालुवा नछोपी ढुवानी गरेमा ढालाभन्दा वढि ढुवानी गरेमा | ट्रिपर तथा ट्रक को लागी रु ५,०००।-<br>ट्याक्टरको लागी रु ३०००।- |
| ११ | यसमा उल्लेखित बाहेक अन्य कसूर गरेमा | स्थानीय अनुगमन तथा नगर पलिकाको निर्णय अनुसार |

द्रस्टव्य: अनुमती बिना नदी तथा खानीजन्य निर्माणमुखी पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) अबैध उत्खनन/संकल गरेको आवस्थाम दफा - ५ बमोजिमको समितिले निरीक्षण गरी प्राविधिकबाट प्रतिवेदन समेतका अधारमा उत्खननित/संकलित परिणाम यकिनगरी दफा १६ बमोजिम को थप राजश्व शुल्क असुल गरिनेछ।





नदीको प्राकृतिक बहावमा प्रतिकूल असर नपर्ने र बहाव मार्ग परिवर्तन नहुने गरी देहायको अवस्थामा नदी क्षेत्रमा भारी मेशीनरी औजार प्रयोग गर्न ईजाजत दिन सकिनेछ ।

(क) बाढी तथा जल उत्पन्न प्रकोपको खतरा देखिएको अवस्थामा जिल्ला दैविक प्रकोप उद्दार समितिको सिफारिशमा यो क्षेत्रको पदार्थ हटाउन ।

(ख) सार्वजनिक विकास निर्माणको आयोजनाका लागि उक्त आयोजनाको BES/IEE/EIA प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणको व्यवस्था गर्न,

(ग) नगरपालिका क्षेत्रभित्रका विकास निर्माण कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि सम्बन्धित खोला तथा खानीको BES/IEE/EIA प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाण प्रतिवेदनमा उल्लेखित शर्तहरुको अधिनमा रही उत्खनन गर्न ।

(घ) BES/IEE/EIA नभएको भएतापनि कुनै स्थानको जग्गाको खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन संकलन गर्न आवश्यक देखिएमा र भारी मेशीनरी औजार प्रयोग नगरी उत्खनन संकलन कार्य असम्भव देखिएमा आवश्यक प्रक्रिया पुरा गरी उत्खनन गर्न ।

(२) खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन / संकलन कार्यमा भारी मेशनिरी औजारको प्रयोग गर्दा देहाय बमोजिमका प्रक्रिया अनिवार्य रुपमा पुरा गर्नुपर्नेछ ।

(क) स्थानीय अनुगमन तथा समन्वय समितिले तोकिएको क्षेत्र र परिमाणसम्म मात्र उत्खनन/ संकलन गर्ने गरी BES/IEE/EIA प्रतिवेदनमा उल्लेखित Excavation Plan बमोजिम मेशिन प्रयोग गर्ने र त्यसरी प्रयोग गर्ने मेशिनको कागजात र नम्बर अनिवार्य रुपमा नगरपालिकामा पेश गरी नगरपालिकाले सम्बन्धित निकायमा जानकारी गराई अभिलेखीकरण गरेको हुनुपर्नेछ ।

(ख) बुदाँ न. (क) बमोजिम स्वीकृति दिंदा सामग्री संकलन गर्ने क्षेत्र, विधि तथा परिमाण खुलाएको हुनुपर्नेछ ।

(ग) पानीको वहाव भित्रबाट नदीजन्य पदार्थ उत्खनन/ संकलन गर्न पाईने छैन । उत्खनन स्थलमा उत्खनन सम्बन्धी सम्पूर्ण विवरण खुल्ने गरी होर्डिङ्गवोर्ड राख्नु पर्नेछ ।

(घ) नगरपालिकाको स्वीकृति नलिई कसैले पनि उत्खनन / संकलन क्षेत्रमा भारी मेशिनरी औजार प्रवेश गराउन पाउने छैन ।

(ङ) रातीको समयमा मेशिनरीको प्रयोग गरी वा नगरी कुनै पनि बिधिबाट सामग्री संकलन गर्न पाईनेछैन ।

(च) नदी क्षेत्रमा मेशिन प्रयोग गर्दा BES/IEE/EIA प्रतिवेदनमा उल्लेखित क्षेत्रमा Excavation एबिल मा उल्लेखित संख्यामा मात्र मेशिन प्रवेशको स्वीकृति दिने व्यवस्था नगरपालिकाले मिलाउने छ ।

(छ) स्वीकृत BES/IEE/EIA मा तोकिएको दैनिक उत्खनन गर्न पाउने परिमाण भन्दा वढी उत्खनन गर्न पाईने छैन ।

(ज) वातावरण ऐन तथा नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल नहुने गरी BES/IEE/EIA गर्न नपर्ने साना परिमाणमा उत्खननहुने क्षेत्र तथा निजी जग्गाबाट जग्गाको खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) निर्माण सामग्री उत्खनन गर्दा भारी मेशीनरी औजार प्रयोग गर्न दफा ५ (ख) बमोजिमको समितिको सिफारिशमा गर्न सकिनेछ ।

द्रस्टव्यः यस कार्यविधिको प्रयोजनको लागि भारी मेशनिरी औजार भन्नाले एक्साभेट र व्याक-हो लोडर जस्ता मेशीन औजार सम्झनु पर्दछ ।

**५. निजी जग्गाको खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन/ संकलन हुने प्रक्रियाः**

(१) कुनै पनि व्यक्ति विशेषको स्वामित्वमा रहेको निजी जग्गाको खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन / संकलन गर्दा उत्खनन क्षेत्रको जग्गाको जग्गाधनी प्रमाण पूर्जा, नागरिकताको प्रतिलिपि, स्थलगत सर्जमीन र वडा कार्यालयको सिफारिश सहित सम्बन्धित जग्गाधनी स्वयं उपस्थित भई निवेदन दिनु पर्नेछ । त्यसरी उत्खनन / संकलन को लागि माग भएमा प्राविधिकबाट नापजाँच गराई प्रतिवेदन



खण्ड ३ भाग २ संख्या २२ मिति २०७७/०८/२१

अनुसूची-३

कालिका नगरकार्यपालिकाको कार्यालय
कालिका, चितवन बागमती प्रदेश, नेपाल

दण्ड र जरीवाना सम्बन्धी व्यवस्था

यस कार्यविधि बमोजिम प्रकृया पुरा नगरी नदीरखानी क्षेत्रमा प्रवेश गर्ने गराउने फर्म वा व्यक्तिलाई नदी र खानीजन्य सामग्री जफत गरी देहाय बमोजिम दण्ड र जरीवाना गरिनेछ ।

| क्र.स. | कसुरको किसिम | दण्ड जरीवाना |
|---|---|---|
| १ | नदीको पानी भित्र मेशिनरी प्रयोग गरी प्रवेश गरी बहाव क्षेत्रमा सामग्री संकलन गरेको अवस्थामा प्रकाउ परेमा | स्वीकृती नलिई भारी मेशिनरी औजार प्रयोग गरेमा पहिलो पटकका लागि रु.१ लाख र टिपर र ट्रक प्रयोग गरेमा रु.३० हजार, मिनीट्रकलाई २० हजार र ट्रयाक्टरलाई रु.१० हजार जरीवाना |
| २ | स्थानीय अनुगमन समितिमा अभिलेखीकरण नगराई भारी मेशिनरी साधन प्रयोग गरेमा | रु.१,००,०००।- (एक लाख मात्र) |
| ३ | तोकिएको भन्दा बढी गहिराई र अन्यत्र स्थान बाट उत्खनन गरेमा | रु.१,००,०००।- (एक लाख मात्र) |
| ४ | तोकिए भन्दा बढी संख्यामा मेशिनहरु प्रयोग गरेमा | प्रति मेशिन रु.१,००,०००।- (एक लाख ) |
| ५ | रातीको समयमा सामग्री उत्खनन संकलन गरेमा | क्र.स.१ मा तोकिएको जरीवानामा ५० प्रतिशत थप |

६.१ मेशिनबाट संकलन भएको भए मेशिनको संख्या र मेशिनको नं.

६.२ मानिसबाट उत्खनन/संकलन हुने भए रोजगारी प्राप्त कामदारको संख्या

७ नदीजन्य सामाग्री उत्खनन/संकलनबाट देखिएका सकारात्मक कुराहरु:

८ नदीजन्य सामाग्री उत्खनन/संकलनबाट देखिएका नकारात्मक कुराहरु:

९ उन्खनन/संकलन कार्यमा स्थानीयहरुको सहभागिताको अवस्था

१० उत्खननस्थल नजिक क्रसर संचालनमा रहे वा नरहेको:

१०.१ संचालनमा रहेको भए क्रसर उद्योगको नाम, ठेगाना

११ अन्य केही भए:

अनुगमन टोली

| क्र.स. | नाम | पद |
|---|---|---|
| | | |
| | | |



खण्ड ३ भाग २ संख्या २२ मिति २०७७/०८/२१

पेश गर्न लगाई सोको आधारमा प्रमुख प्रशासकीय अधिकृतले उत्खनन / संकलन को स्वीकृती दिनेछ ।

(२) कुनै पनि व्यक्ति विशेषको स्वामित्वमा रहेको निजी जग्गाको खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन/ संकलन गर्दा भारी मेशनिरी औजारको प्रयोग गर्दा उपदफा (१) बमोजिमका कागजात सहीत आवेदन परे पछि देहाय बमोजिमका प्रक्रिया अनिवार्य रुपमा पुरा गर्नुपर्नेछ ।

(क) यसै कार्यविधिको दफा ७ बमोजिमको भारी मेशीनरी औजार प्रयोग सम्बन्धी कार्य योजना तयार गरी पेश गर्नु पर्नेछ ।

(ख) निजी जग्गाको खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन/ संकलन वा भारी मेशीनरी औजार प्रयोगको लागि अनुमती माग गरेमा सो आवश्यकताको एकिन गर्न निम्नानुसार सदस्य रहेको एक अनुगमन तथा सिफारिश समिति रहनेछ:

| | |
|---|---|
| नगर उपप्रमुख | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| नगरपालिका वाताबरण समिती को संयोजक | - सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| नगरपालिका पुर्वाधार बिकास समिती संयोजक | - सदस्य |
| पुर्वाधार बिकास शाखा प्रमुख | - सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको समितिले अनुगमन गरी भारी मेशीनरी औजार प्रयोग गर्ने अनुमती दिन सिफारिश गरेमा सो समितिको सिफारिश बमोजिम नगर प्रमुखले अनुमती दिनेछ ।

(४) स्वीकृती प्राप्त फर्म तथा व्यक्तिले भारी मेशिन प्रयोग गरी सामग्री उत्खनन/ संकलन गर्नुपूर्व नगरपालिकाको स्वीकृति लिई सके पछि मात्र उत्खनन/ संकलन क्षेत्रमा प्रवेश गर्न पाईने छ ।

(५) रातीको समयमा मेशिनरीको प्रयोग गरी वा नगरी कुनै पनि बिधिबाट सामग्री संकलन गर्न पाईनेछैन ।

(६) नगरपालिका संग अनुमती लिई खानीजन्य सामग्री संकलन गर्दा कुनै मानवीय

वा भौतिक क्षति नहुने गरी व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित उत्खनन/ संकलन कर्ताको हुनेछ । यदी कुनै कारणवस उक्त प्रकारको क्षति हुन गएमा सोको जिम्मेवारी पनि निजको नै हुनेछ र सो वापतको क्षतिपूर्ति वा सो सम्बन्धमा भएको खर्च निजबाट नै असुल उपर गरिने छ ।

द्रस्टव्य: निजी जग्गाको माटो उत्खनन/ संकलनका लागी तपसिल बमोजिमका कागजातहरु पेस गर्नु पर्ने छ

- जग्गा धनिको निबेदन (अनुमानित उत्खनन परिमाण, ढुवानि गर्ने स्थान मिती र समयाबधी, ढुवानि गर्ने साधनको बिबरण समेत खुलेको)
- सम्बन्धित वडा कार्यालयको सिफारिस (जग्गा धनि, उत्खननहुने जग्गा बिबरण, अनुमानित उत्खनन परिमाण, ढुवानि गर्ने स्थान मिती र समयाबधी, ढुवानि गर्ने साधनको बिबरण समेत खुलेको)
- सम्बन्धित वडा कार्यालयको रोहवरमा साँध सधियार समेतको उपस्थितिमा गरिएको अनुसुचि - ४ बमोजिमको स्थलगत मुचुल्का
- जग्गा को लालपुर्जाको प्रतिलिपी
- जग्गा धनिको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- जग्गा धनिको चालु आ. ब. सम्म सम्पत्ती र तिरेको रसिदको प्रतिलिपी
- ढुवानि साधनको ब्लुबुकको प्रतिलिपी
- ढुवानि साधनको चालकको चालक अनुमती पत्रको प्रतिलिपी

**६. नदी उकास तथा सार्वजनिक जग्गाबाट माटो उत्खनन/ संकलन हुने प्रक्रिया**:

नदी, खोला, खोल्साको आसपासको उकासबाट नदी फराकिलो बनाउने गरी वा खोला खोल्ने गरी वा बन क्षेत्र बाहेकका सार्वजनिक स्थलबाट माटो उत्खनन/ संकलन गरी सार्वजनिक निर्माण प्रयोजनको लागि उत्खनन/ संकलन गर्न चाहने समूह वा समितिले उक्त जग्गाको नक्सा, समूह सदस्यहरुको नेपाली नागरिकता र निवेदन दिनु पर्नेछ । यसरी निवेदन पर्न आएमा दफा - ५ बमोजिमको समितिले निरीक्षण गरी प्राविधिकबाट प्रतिवेदन समेत लिई सिफारिश गरे बमोजिम त्यस्तो





अनुसुचि-२

कालिका नगर कार्यपालिकाको कार्यालय
कालिका, चितवन
बागमती प्रदेश, नेपाल

नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन/संकलन कार्यको अनुगमन सूचक अनुगमन गर्ने निकाय: स्थानीय अनुगमन तथा समन्वय समिति

| क्र.सं. | विवरण | अनुगमन बाट देखिएको व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | अनुगमन गरिएको उत्खननस्थल, खोला तथा नदीको व्यहोरा | | |
| २ | उत्खननस्थल रहेको ठेगाना: | | |
| ३ | उत्खननस्थलको नाम: | | |
| ४ | उत्खनन/संकलन गर्न स्वीकृती दिने निकाय: | | |
| ५ | BES/IEE/EIA स्विकृत भएको/नभएको: | | |
| ६ | दैनिक उत्खनन गरिएको परिमाण: | | |
| ७ | उत्खनन अनुमती मिती: | | |

६ नदीजन्य पदार्थ उत्खनन/संकलन गर्ने विधी: (मेशिनबाट वा मानिसद्धारा हो खुलाउने) BES/IEE/EIA प्रतिवेदनमा प्रस्तावित स्थलगत अनुगमनमा देखिएको स्थिति

उत्खनन स्थलको गहिराई
नदी/खोलाको किनारवाट छोडनुपर्ने दुरी
पक्कि पुलबाट तल माथीको दुरी
उत्खनन परिमाण
अन्य केही भए:

| सि.नं. | प्रयोग हुने मेशिनरीको किसिम | मेशिनरीको च्यासिस नं. | मेशिनरीको दर्ता नं. | दैनिक उत्खनन परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

सम्बन्धित क्षेत्रको ठेकेदार/ उत्खनन/संकलनकर्ताको
दस्तखत:
नाम:
मिति

स्थानीय अनुगमन समिति प्रमुखको
दस्तखत:
नाम:
मिति:





स्थानको माटो उत्खनन/ संकलन को स्वीकृती नगर प्रमुखले दिनेछ । त्यस्तो उत्खनन/ संकलन कार्यको लागि भारी मेशिनरी औजार आवश्य भई माग भएमा सोही समितिको सिफारिश बमोजिम नगर प्रमुखले स्वीकृती दिनेछन । त्यसरी भारी मेशिनरी औजार प्रयोगको लागि माग गर्दा दफा ७ बमोजिमको भारी मेशीनरी औजार प्रयोग सम्बन्धी कार्ययोजना पेश गर्नु पर्नेछ ।

द्रस्टव्य: नदी उकास तथा सार्वजनिक जग्गाबाट उत्खनन/ संकलनका लागी तपसिल बमोजिमका कागजातहरु पेस गर्नु पर्ने छ

- ❖ समूह वा समिति वा संस्थाको निबेदन (उत्खनन हुने स्थलको चार किल्ला तोकिएको बिबरण, अनुमानित उत्खनन परिमाण, वानि गर्ने स्थान मिती र समयाबधी, ढुवानि गर्ने साधनको बिबरण समेत खुलेको)
- ❖ समूह वा समिति वा संस्थाको दर्ता प्रमाण पत्रहरुको प्रतिलिपी (संस्थाको दर्ता, कर दर्ता, करचुक्ता आदि)
- ❖ जिल्ला बिपद ब्यबस्थापन समित वा सम्बन्धित निकायको निर्णय तथा सिफारीस (कार्यालयले आवश्यक ठानेमा)
- ❖ सम्बन्धित वडा कार्यालयको सिफारिस (उत्खनन हुने स्थलको चार किल्ला तोकिएको बिबरण, अनुमानित उत्खनन परिमाण, ढुवानि गर्ने स्थान मिती र समयाबधी, ढुवानि गर्ने साधनको बिबरण समेत खुलेको)
- ❖ सम्बन्धित वडा कार्यालयको रोहवरमा साँध सधियार समेतको उपस्थितिमा गरिएको अनुसुचि - ५ बमोजिमको स्थलगत मुचुल्का
- ❖ ढुवानि साधनको ब्लुबुकको प्रतिलिपी
- ❖ ढुवानि साधनको चालकको चालक अनुमती पत्रको प्रतिलिपी

७. **भारी मेशीन प्रयोग गरी गरिने उत्खनन कार्य योजना** (Excavation Plan) **पेश गर्नु पर्ने**:

नदी र खानीजन्य पदार्थ उत्खनन गर्न नगरपालिकाबाट स्वीकृती प्राप्त व्यक्ति तथा संस्थाले यथा सम्भव भारी मेशीनरी औजारको प्रयोग नगरी सामान्य औजार उपकरणहरु प्रयोग गरेर उत्खनन गर्नु पर्नेछ ।

यदि सामान्य औजार उपकरणहरु प्रयोग गरेर उत्खनन कार्य सम्भव नभएमा वा मेशीन उपकरण प्रयोग गरी उत्खननगर्दा नगरपालिका, संस्था तथा समाजलाई फाईदा पुग्ने भएमा, जैविक, आर्थिक, सामाजिक तथा वातावरणीय रुपमा पर्ने असरहरुको परिणाम सकारात्मक देखीएमा मेशीन प्रयोग गर्ने सम्बन्धमा कार्ययोजना बनाई पेश गर्नु पर्नेछ ।

भारी मेशीनरी औजार प्रयोग सम्बन्धी कार्ययोजना:

| क्र.सं. | विवरण | व्यहोरा , किसिम र परिमाण | कैफियत |
|---|---|---|---|
| १ | मेशीन उपकरणको किसिम | | |
| २ | मेशीन उपकरणको दर्ता नं | | |
| ३ | प्रयोग हुने क्षेत्र | | |
| ४ | प्रयोग गर्ने कारण | | |
| ५ | दैनिक प्रयोग गर्ने समय (.........देखी .... सम्म) | | |
| ६ | प्रयोग गर्ने मिती (..........देखी .... सम्म) | | |
| ७ | प्रयोग गर्ने विधि र प्रक्रिया | | |
| ८ | उत्खनन गर्ने अधिकतम गहिराई एवं लम्बाई र चौडाई | | |
| ९ | उत्खनन गर्ने स्थान / चेनेज | | |
| १० | अनुमानित निकालीने परिमाण (प्रति दिन) | | |
| ११ | मूख्य वस्ती देखी मेशीन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |





अनुसुचि १

कालिका नगर कार्यपालिकाको कार्यालय
कालिका, चितवन
बागमती प्रदेश, नेपाल

नदीजन्य पदार्थ उत्खनन संकलनमा प्रयोग गरिने मेशिन औजार र संचालकको अभिलेख

यस नगरपालिकाको .......................... स्थानबाट नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन/संकलन कार्यको लागि BES/IEE/EIA कार्यान्वयनका सम्बन्धमा मेशिनरी औजारको प्रयोग र परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख

नाका वा घाट वा उत्खनन स्थानको नाम:

उत्खनन स्थलको ठेगाना:

दैनिक मेशिनरी प्रयोग गर्ने अवधि: दैनिक.................................. बजे देखि...........................बजे सम्म

मेशिनरी प्रयोग गर्ने मिती: ..................................देखि.......................... सम्म

मेशिनरी धनिको नाम:

मेशिनरी धनिको ठेगाना र सम्पर्क नं.

मेशिन प्रयोगकर्ताको नाम:

मेशिन प्रयोगकर्ताको ठेगाना र सम्पर्क नं.

अपरेटरको नाम र सम्पर्क नं.

अपरेटरको चालक अनुमती पत्र न:

(ङ) नगरपालिका वातावरण समिती संयोजक - सदस्य
(च) पुर्वाधार बिकास समिती संयोजक - सदस्य
(छ) पुर्वाधार बिकास शाखा प्रमुख - सदस्य सचिव

**११. कार्यविधि लागु हुनेः** यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट पारीत भएको मिति देखी लागु हुनेछ ।

**१२. कार्यविधिमा संशोधनः** यस कार्यविधिमा संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गरि लागु गर्न सक्नेछ ।

**१३. बाझिएमा हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुनै प्रावधानहरु संघ र प्रदेश कानूनसंग बाझिएमा बाझिएको हद सम्म तत् तत् कानून बमोजिम हुनेछ ।

**१४. दण्ड सजाँय सम्बन्धी व्यवस्थाः** यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु नदीरखानी क्षेत्रबाट नदीरखानीजन्य पदार्थ उत्खनन/ संकलन गर्न स्वीकृत प्राप्त ठेकेदार वा व्याक्तिले पालना गर्नु पर्नेछ । नगरपालिकाबाट स्वीकृती नलिई, कसैले पनि नदीरखानी क्षेत्रमा भारी मेशीनरी औजार प्रवेश गराउन पाईने छैन । कसैले यस कार्यविधिमा उल्लेख भएको प्रावधानको विपरितका कार्य गरेमा अनुसूची ३ मा उल्लेख भए बमोजिमको सजाँय हुनेछ ।

**१५. प्रचलीत कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेखित बिषयको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**१६. बिक्री बापत राजश्व शुल्कः** नगरपलिका वा सम्बन्धित निकायले तोकेबमोजिम हुनेछ।



खण्ड ३ भाग २ संख्या २२ मिति २०७७/०८/२१

| | | | |
|---|---|---|---|
| १२ | स्थानीय रोड देखी मेशीन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |
| १२ | अन्य संवेदनशिल क्षेत्र भए उल्लेख गर्ने | | |
| ११ | मूख्य वस्ती देखी मेशीन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |
| १२ | स्थानीय रोड देखी मेशीन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |
| १२ | अन्य संवेदनशिल क्षेत्र भए उल्लेख गर्ने | | |

द्रस्टव्यः १

निजी जग्गाको खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन/ संकलनका लागी भारी मेशीनरी औजार प्रयोग सम्बन्धी कार्ययोजनाका साथ तपसिल बमोजिमका कागजातहरु पेस गर्नु पर्ने छ

- ❖ भारी मेशीनरी औजार धनिको भारी मेशीनरी प्रयोगकालागी सहमती सहितको निबेदन यदी भारी मेशीनरी औजार संघ, संस्था वा फर्मको नाममा भए संघ, संस्था वा फर्मको निबेदन
- ❖ भारी मेशीनरी औजार धनिको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी यदी भारी मेशीनरी औजार संघ, संस्था वा फर्मको नाममा भए समूह वा समिति वा संस्थाको दर्ता प्रमाण पत्रहरुको प्रतिलिपी (संस्थाको दर्ता, कर दर्ता, करचुक्ता आदि)
- ❖ भारी मेशीनरी औजारको ब्लुबुकको प्रतिलिपी
- ❖ भारी मेशीनरी चालकको चालक अनुमती पत्रको प्रतिलिपी
- ❖ जग्गा धनिको निबेदन (अनुमानित उत्खननपरिमाण, भारी मेशीनरी औजार प्रयोगगर्ने स्थान मिती र समयाबधी, भारी मेशीनरी औजारको बिबरण समेत खुलेको)

- ❖ सम्बन्धित वडा कार्यालयको सिफारिस (जग्गा धनि, उत्खननहुने जग्गा बिबरण, अनुमानित उत्खननपरिमाण, भारी मेशीनरी औजार प्रयोग गर्ने स्थान मिती र समयाबधी, मेशीनरी औजारको बिबरण समेत खुलेको)
- ❖ जग्गा को लालपुर्जाको प्रतिलिपी
- ❖ जग्गा धनिको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- ❖ जग्गा धनिको चालु आ. ब. सम्म सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी

द्रस्टव्यः २

- ❖ यस कार्यबिधि बमोजिम निजी जग्गा बाहेकको स्थानबाट खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन/ संकलनका लागी भारी मेशीनरी औजार प्रयोग सम्बन्धी कार्ययोजनाका साथ तपसिल बमोजिमका कागजातहरु पेस गर्नु पर्ने छ
- ❖ भारी मेशीनरी औजार धनि ( संघ, संस्था वा फर्मको नाममा भए संघ, संस्था वा फर्म) भारी मेशीनरी प्रयोगकालागी सहमती सहितको निबेदन
- ❖ भारी मेशीनरी औजार धनि ( संघ, संस्था वा फर्म) को दर्ता प्रमाण पत्रहरुको प्रतिलिपी (संस्थाको दर्ता, कर दर्ता, करचुक्ता आदि)
- ❖ भारी मेशीनरी औजारको ब्लुबुकको प्रतिलिपी
- ❖ भारी मेशीनरी चालकको चालक अनुमती पत्रको प्रतिलिपी
- ❖ सम्बन्धित वडा कार्यालयको सिफारिस (उत्खननहुने स्थान बिबरण, अनुमानित उत्खननपरिमाण, भारी मेशीनरी औजार प्रयोगगर्ने स्थान मिती र समयाबधी, मेशीनरी औजारको बिबरण समेत खुलेको)

स्टव्यः ३

एक भन्दा बढी भारी मेशीनरी औजार प्रयोगको लागी छुट्टाछुट्टै भारी मेशीनरी औजार प्रयोग सम्बन्धी कार्ययोजना पेस गर्नु पर्ने छ।

**८. भारी मेशीन उपकरणको प्रयोग गर्ने समय:**

नदी र खानीजन्य पदार्थको उत्खननगर्न स्वीकृती प्राप्त गर्ने व्यक्ति वा संस्थाले भारी मेशीनरी उपकरण प्रयोग गर्दा बिहान ७ बजे देखी बेलुकी ६ बजे सम्म मात्र प्रयोग गर्न पाउने छ ।



खण्ड ३ भाग २ संख्या २२ मिति २०७७/०८/२१

**९. अनुगमन सम्वन्धी व्यवस्थाः**

प्रतिवेदनका शर्तहरुको पालना, उत्खननपरिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन सम्वन्धी व्यवस्था गरिएकोछ ।

(क) नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) उत्खनन/ संकलन का प्रकृया नियमानुसार भए नभएको सम्बन्धमा स्थानीय अनुगमन तथा समन्वय समितिले नदी तथा खानी क्षेत्रको व्यवस्थापन सम्वन्धमा जुनसुकै वेला अनुगमन गरी निर्देशन दिन सक्ने

(ख) नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) साधारण निर्माणमुखी खनिज पदार्थ पदार्थ उत्खनन/ संकलन हुने स्थानीयस्तरमा गठित अनुगमन तथा समन्वय समितिले नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन जिल्ला अनुगमन तथा समन्वय समिति समक्ष पेश गर्नुपर्नेछ ।

(ग) प्रहरीद्धारा अनुगमनः नदी तथा खानीजन्य निर्माणमुखी खनिज पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो) साधारण निर्माणमुखी खनिज पदार्थ पदार्थको उत्खनन/ संकलन तथा ओसार पसारका शर्तहरुको पालना, उत्खनन/ संकलन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको नेपाल प्रहरीबाट जुनसुकै बेला अनुगमन गर्न सक्ने गरी परिचालन गरिनेछ ।

**१०. स्थानीय अनुगमन तथा समन्वय समिति सम्बन्धी व्यवस्थाः**

BES/IEE/EIA को प्रावधान अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरु रहेको एक स्थानीय अनुगमन तथा समन्वय समिति रहने छ ।

| | |
|---|---|
| (क) नगरपालिका प्रमुख | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) स्थानीय प्रहरी युनिटको प्रमुख | - सदस्य |
| (घ) सम्बन्धीत वडाको अध्यक्ष | - सदस्य |